आज मिति २०८२ साल असोज २७ गते सोमबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ५२ (बाउन्नऔं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृतः श्री कृष्ण गिरी

<u>छलफलका लागि पेश भएका विषयहरु:</u>

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. अनुगमन समितिको प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।

३. आर्थिक वर्ष २०८२/०८३ को लागि दोश्रो नगर सभाको सातौं अधिवेशनबाट स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने सम्बन्धमा।

४. विविध।

<u>निर्णयार्थ पेश भएका विषयहरु:</u>

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. शोक प्रस्ताव सम्बन्धमा।

३. विविध।

<u>निर्णयहरु:</u>

<u>निर्णय नम्बर १:</u>

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

<u>निर्णय नम्बर २:</u>

स्थानीय तह घोषणा भए पश्चात निर्वाचित हुनुभएका यस नमोबुद्ध नगरपालिकाका प्रथम नगर प्रमुख श्रीमान् टंक प्रसाद शर्माज्यूको मिति २०८२ असोज ०७ गते असमायिक निधन भएको खबरले अत्यन्तै मर्माहत तुल्याएको छ। शोकको यो घडीमा दिवंगत आत्माको चिर-शान्तिको कामना सहित भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै शोक सन्तप्त परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्ने। साथै सो सम्बन्धमा मिति २०८२/०६/०७ गते जारी गरिएको समवेदना र शोक विदा अनुमोदन गर्ने।